# राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० साउन ९ गते

बेलबारी घटना

## दोषीलाई कानुनी कारबाही दायरामा ल्याऊ

मोरङको बेलबारीमा साउन सात गते एक दलित महिलाले आफूमाथि बलात्कारको प्रयास भएको भनी उजुरी दिँदा उहाँमाथि भएको अमानवीय व्यवहारप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ।

आयोगको क्षेत्रीय कार्यालय (विराटनगर) ले घटनाको अनुगमन गरिरहेको छ। आयोगले संकलन गरेको जानकारीअनुसार प्रहरीले घटनामा संलग्न भएको अभियोगमा सातजनाविरुद्ध सार्वजनिक अपराधमा मुद्दा दायर गरेको छ। प्राप्त जानकारीअनुसार मुद्दा दायर गरिएकाहरूमध्ये छजनालाई प्रहरीले पक्राउ गरिसकेको छ।

घटनाको निष्पक्ष छानविन गरी सत्य-तथ्य सार्वजनिक गर्न आयोग सरकारसँग आग्रह गर्दछ। दोषीहरूलाई कानुनी कारवाहीको दायरामा ल्याउन र छानविनको क्रममा आउनसक्ने कुनै पनि अवाञ्छनीय दवाबमा नपर्न र दोषी उम्कन सक्ने कानुनी छिद्राहरूप्रति पनि सचेत बन्न पनि घटनाको छानविनमा संलग्न अधिकारीहरूसँग आयोग आग्रह गर्दछ।

यसका अतिरिक्त घटनालाई थप उत्तेजक बन्न नदिन तथा घटनाका पीडित र साक्षीहरूको सुरक्षाको पूर्ण प्रत्याभूति गर्न पनि आयोग सरकारसँग आग्रह गर्दछ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org